# नेपाल मानव अधिकार संगठन
# Human Rights Organisation of Nepal

केन्द्रीय कार्यालय– अनामनगर, काठमाडौं
Central Office- Anamnagar, Kathmandu

Regd. No. 149/053/054
Estd: 1988 A.D. (2045 B.S.)

Anamnagar-29
G.P.O. Box: 5424
Kathmandu, Nepal
+977-1-5706949/5705948
huron.nepal@gmail.com
www.huronnepal.org


च.न. १७/०८३

## सुनसरी घटना सम्बन्धमा

विगत केही समयदेखि देशका विभिन्न स्थानमा धार्मिक आस्थालाई लिएर भइरहेको विवाद, झडप, विरोध र निषेधका घटनाहरूको शृङ्खला २०८३/०४/१० मा सुनसरीको देवानगञ्ज ३ कप्तानगञ्जमा हिन्दू तथा मुस्लिम धर्मालम्बीबीच भएको विवादमा चलेको गोलीका कारण देवानगञ्जका ओम प्रकाश मेहताको ज्यान जानुका साथै सर्वसाधारण तथा सुरक्षाकर्मीसहित २३ जना घाइते भएको दुखद घटनाप्रति यो संगठन गम्भीर चासो व्यक्त गर्दछ ।

नेपालको संविधानले धर्मनिरपेक्ष राष्ट्र कायम भएको तथा हरेक धार्मिक आस्थाको अनुशरण गर्न पाउने स्वतन्त्रता समेत मौलिक हकाधिकारको रूपमा प्रदान गर्नुका साथै, नेपाल पक्ष राष्ट्र रहेका अन्तर्राष्ट्रिय मानव अधिकार कानुनहरूले समेत हरेक व्यक्तिको धार्मिक स्वतन्त्रताको ग्यारेन्टी गरेको छ भनि यो संगठन नेपाल सरकार तथा सरोकारवाला सबैमा स्मरण गराउन चाहन्छ । आफ्नो आस्थाको उपभोगको अधिकार प्रयोगमा दोस्रो व्यक्ति समूह र आस्थाको अधिकारको सम्मानप्रति सचेत हुनु मानवोचित कर्तव्य हो । विगतदेखिका यस प्रकारका विवाद, विभेद र निषेधका घटनाहरुमा राष्ट्र संवेदनशील हुन नसकेकाले सुनसरीको घटना भएको हो भन्ने यो संगठनको ठहर छ ।

अत: यस प्रकारका धार्मिक कटुताले देशमा आन्तरिक द्वन्द्व समेत सृजना हुने खतरा रहेको प्रति सचेत हुन नेपाल सरकारलाइ आह्वान गर्दै यो संगठन सबै राजनीतिक दल, नागरिक समाज, धार्मिक तथा सामाजिक अगुवा, सञ्चारमाध्यम र आम नागरिक लगायत सम्पूर्ण सरोकारवालाहरुमा संयमता अपनाउन, अपुष्ट र भ्रामक सूचना सम्प्रेषण नगर्न तथा सामाजिक सद्भाव र धार्मिक सहिष्णुताका लागि सहयोग गर्न हार्दिक अपिल गर्दछ । मृतक ओम प्रकाश मेहता प्रति समवेदना व्यक्त गर्दै मृतकका परिवारलाई क्षतिपूर्ति, घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना साथै उपचारको उचित प्रवन्ध तथा सम्पूर्ण दोषीलाई अभिलम्व कानुनी कारवाहीको लागि नेपाल सरकारसंग हार्दिक अपिल गर्दछ ।

मिति: २०८३/०४/१२

इन्द्र प्रसाद अर्याल
अध्यक्ष
९८५१०५८३६८